(ग) बीमा गरिएको मौरीको घारको नियमित गोला निरीक्षण, उचित आहाराको व्यवस्था गर्नुपर्नेछ।

(घ) मौरीको घारलाई प्रतिकूल मौसमबाट सुरक्षित हुनेगरि व्यवस्थापन गर्नुपर्नेछ।

(ङ) बीमा गरिएको मौरी गोलामा कुनै रोग वा किरा लागेमा तत्काल आफ्नै खर्चमा उचित स्याहार,रेखदेख तथा उपचार गराई सो को अभिलेख वा विवरण सुरक्षित रूपमा राख्नु पर्नेछ ।

(च) नयाँ मौरी गोलाको मंसिर १५ देखि माघ १५ सम्मको अवधिमा बीमालेख जारी गर्न पाइने छैन।

(छ) आधुनिक घारमा पालन गरिएको मौरी गोलाको मात्र बीमा गर्नुपर्नेछ।

(ज) मौरी घार कम्तीमा पाँचवटा फ्रेमले निर्माण गरिएको हुनुपर्नेछ।

(झ) मौरी तथा मौरीगोलालाई आवश्यक पर्ने आहारा (कृत्रिम कुट, चिनीचास्नी र क्याण्डी) दिई सुरक्षित राख्नु पर्दछ।

(ञ) एक घार देखि अर्को घार बीचको दूरी कम्तिमा १.५ मिटरको हुनुपर्नेछ।

(ट) ५ वर्ष भन्दा पुरानो मौरी घारमा पालिएको मौरीको बीमा गरिने छैन।

(ठ) मौरी पालन गर्दा पालना गर्नुपर्ने प्राविधिक व्यवस्थाको अनुसूची-७ बमोजिम अभिलेख राखिएको हुनु पर्नेछ।

## परिच्छेद -६
## दावी सम्बन्धी प्रक्रिया

२४. क्षतिको सूचनाः(१) यस बीमालेखले रक्षावरण गरेको मौरी गोलाको क्षति भएमा क्षति भएको तीन दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको त्यस्तो जानकारी प्राप्त भए पश्चात क्षति मूल्याङ्कनकर्ताले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

२५. दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः बीमितले दावी भुक्तानी प्रक्रियाको लागि बीमकलाई देहाय बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछः

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा पाँचजना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-२**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**मौरी गोला बीमाको प्रस्ताव फाराम**

(१)मौरी पालन बीमा प्रस्तावक(व्यक्ति वा संस्था) को नामः..............................................

(२)प्रस्तावकको स्थायी ठेगानाः प्रदेश..................जिल्ला.................पालिका........... वडा नं.............
टोलः .................. सम्पर्क नं. .................... ईमेल..........................................

(३)तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्:-

| क.सं. | मौरी गोला | | गोला जात | मौरी घारको उमेर | घार बीचको दूरी | जम्मा घार संख्या | बीमा गर्ने बेलाको प्रति घार उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|---|---|
| | व्यक्तिगत | सामूहिक | जात | | | | |
| | | | | | | | |
| | | | | | | | |

(४)मौरी पालन गरिएको स्थान/ एपियरीको विवरण तथा ठेगानाः
प्रदेश..................जिल्ला....................पालिका................वडानं.................टोलः...................

(५)मौरी पालन व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस?

(६)सामूहिक भए निम्न विवरण भर्नुहोस्:
समूह वा बीमालेख धारकको नाम.................................... मौरी पालन स्थान/एपियरी.......................
ठेगाना: प्रदेश...............जिल्ला...............पालिका..............वडा नं..................सम्पर्क नं.................

(७)मौरी पालन गरेको मितिः .........................

(८)तपाईले यस अघिगर्नु भएको मौरी पालनमा शत्रुजीव वा रोग लागेको थियो? ...................................
यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो? ........................................................

(९) यदि शत्रुजीव वा रोग बाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्:

| वर्ष | क्षतिको कारण | क्षतिको परिमाण |
|---|---|---|
| | | |

(१०) यस अघि कुनै बीमा कम्पनीमा मौरी पालनको बीमा भएको भए सो बीमकको नाम र कति बीमाङ्क बराबरको बीमा भएको हो? उल्लेख गर्नुहोस् ।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

(११) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त मौरी पालनमा लगानी गरेको छ वा छैन?यदि छ भने उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्:
नाम/ठेगानाः .......................................

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -३**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**प्राविधिकको जाँच सिफारिसपत्र**

**(प्रस्ताव फाराम साथ संलग्न हुनु पर्ने)**

(१)मौरी पालन प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः...........................................................

(२)पूरा ठेगानाः प्रदेशः.................................जिल्ला. .....................पालिका....................वडा नं. ....
टोलः..................... सम्पर्क नं. ............................. ईमेल.....................................

(३)मौरीको जातः..................

(४)बीमाको लागि प्रस्तावित जम्मा घार/गोला संख्याः ..............

(५)मौरी पालन गरिएको स्थानको विवरणः
प्रदेशः........................जिल्ला................पालिका ...................वडा नं. .......... टोलः.................

(६)मौरी पालन गरिएको जग्गाको भौगोलिक अवस्थितिः-
(क) समुन्द्र सतहबाट मौरी पालन गरिएको जग्गाको उचाईः ...................

(७)बिग्रिएको घार सम्भारका लागि नियमित व्यवस्थापनका कामहरु गरिएको छ कि छैन?............

(८) घारहरुमा कुनै रोग/ कीराको संक्रमण वा शत्रुजीवको आक्रमण देखु भएको छ ? यदि छ भने कुन रोग वा किराको संक्रमण वा शत्रुजीवको आक्रमण देखिएको छ उल्लेख गर्नुहोस। .......................

(९) त्यस क्षेत्रमा विगतमा मौरी पालनमा कुनै संक्रामक रोग वा किरा लागेको वा शत्रुजीवको आक्रमण भएको थियो? यदि थियो भने कहिले कुन रोग वा कीरा वा शत्रुजीवको आक्रमण बाट क्षति भएको हो? उल्लेख गर्नुहोस् ..............................................................

(१०) मौरी पालनको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ ? यदि छ भने त्यसको विवरण दिनुहोस्।

.........................................................................................................................

(११) मौरी पालन बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ ?
......................... ठान्नुहुन्छ भने कुन जाँच गर्नु उपयुक्त हुन्छ ?........................................

(१२) मौरी पालनको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?
.........................................................

